विधेयक संख्याः

# कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा ६ बमोजिम गठन भएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवले परिषद्को प्रशासकीय प्रमुख भई कार्य गर्नुपर्ने भए तापनि निजको पारिश्रमिक सम्बन्धी व्यवस्था ऐनमा उल्लेख नभएकाले संशोधन मार्फत् सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न साथै जिल्ला खेलकुद विकास समितिको कार्यालय सचिवको नियुक्ति र योग्यता निर्धारण गर्नका साथै सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समायानुकुल संशोधन गर्नु पर्ने भएकोले कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गरी पेश गरेको छु।

..............................

(टेकराज पछाई)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

# आर्थिक टिप्पणी

कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न, समितिको कार्यालय सचिवको योग्यता र नियुक्तिको प्रक्रिया तोक्न एवं सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समयानुकुल संशोधन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा व्यवस्था भएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवले उक्त परिषद्को प्रशासकीय प्रमुख भई कार्य गर्नु पर्ने भएकाले पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गरिएको छ। प्रस्तुत विधेयकको कार्यान्वयनबाट कर्णाली प्रदेश सरकारालाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

..................................

(टेकराज पछाई)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

## व्याख्यात्मक टिप्पणी

खेलकुदको माध्यमबाट सामुहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकलाई स्वास्थ्य, अनुशासित, मर्यादित र गतिशील बनाउँदै प्रदेशमा खेलकुदको विकास गर्ने उद्देश्यले "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६" कार्यान्वयनमा रहेको छ। कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवको पारिश्रमिक सम्बन्धी व्यवस्था ऐनमा उल्लेख नभएकोले संशोधन मार्फत् सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न, जिल्ला खेलकुद विकास समितिको कार्यलय सचिवको नियुक्ति प्रक्रिया तथा योग्यता निर्धारण गर्न एवम् सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समयानुकुल संशोधन गर्न आवश्यक भएकोले प्रस्तावित कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गरिएको हुँदा साविक ऐनमा भएको व्यवस्था भन्दा उल्लेखनीय व्यवस्था भएकोले थप व्याख्या गर्न आवश्यक नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेकोछु।

..................................

(टेकराज पछाई)
मन्त्री
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| दफा/ उपदफा | प्रत्यायोजित व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| | संघ सस्थाको दर्ता, नवीकरण र आवद्धता गर्दा तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ। | संघसस्थाको दर्ता, नवीकरण र आवद्धता सम्बन्धी शुल्क नियमावली मार्फत् व्यवस्थित गर्न। | संघसस्थाको दर्ता, नवीकरण र आवद्धता सम्बन्धी शुल्क निर्धारणको लागि प्रदेश सरकारबाट निर्धारण र व्यवस्थापन गर्न सहज हुने। |
| | संघ सस्थाको नवीकरण र आवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | संघ सस्थाको नवीकरण र आवद्धता सम्बन्धी प्रक्रिया नियमावलीमा | संघ सस्थाको नवीकरण र आवद्धता सम्बन्धी प्रक्रिया प्रदेश |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था गर्न | सरकारबाट निर्धारण र व्यवस्थापन हुने। |
| | **<u>विनियम बनाउन सक्ने:</u>** (१) यो ऐनको अधीनमा रही परिषद्ले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा परिषद्ले मन्त्रालय मार्फत् आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।<br><br>(३) उपदफा (१) बमोजिम परिषद्ले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ। | परिषद्लाई कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाउने अधिकार प्रत्यायोजन गर्न। | परिषद्ले आफ्ने अधिकारक्षेत्र भित्रको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन हुने। |
| | **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** प्रदेश सरकारले यस ऐन | प्रदेश सरकारलाई निर्देशिका, | खेलकुद सम्बन्धी |

| | | | |
|---|---|---|---|
| | कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ। | कार्यविधि वा मापदण्ड बनाउने अधिकार प्रत्यायोजन गर्न। | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई खेलकुदको विकास तथा व्यवस्थापन गर्न। |

..............................

(टेकराज पछाई)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

## <u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः</u> कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ। र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।"

(२) खण्ड (छ) मा रहेका "वा समितिको" भन्ने शब्दहरु झिकिएका छन्।

३. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) परिषद्को पदेन सदस्य बाहेक नियुक्त वा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।"

४. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ मा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्।

५. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ मा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकि सोही दफाको खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।

६. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को,-

(१) उपदफा (४) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (६) मा रहेका "सामाजिक विकास मन्त्रालयको सचिव वा" भन्ने शब्दहरु झिकिएका छन्।

७. मूल ऐनमा दफा १२क. थप: मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. सदस्य-सचिवको पारिश्रमिक र सुविधाः (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।

(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।"

८. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ।

९. मूल ऐनमा दफा १६क. र १६ख. थप: मूल ऐनको दफा १६ पछि देहायका दफा १६क. र १६ख. थपिएका छन्ः-

"१६क. कार्यालय सचिवको नियुक्तिः (१) परिषद्ले कार्यालय सचिवको नियुक्तिको सिफारिस गर्न परिषद्को उपाध्यक्षको संयोजकत्वमा मन्त्रालयको सचिव र मन्त्रालयको खेलकुद क्षेत्र हेर्ने महाशाखा प्रमुख सदस्य रहने गरी तीन सदस्यीय एक सिफारिस समितिको गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले कार्यालय सचिवको नियुक्तिको लागि परिषद् समक्ष प्रत्येक जिल्लाका लागि तीन जनाको नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिबाट परिषद्ले प्रत्येक जिल्लामा एक जना कार्यालय सचिवको नियुक्ति गर्नेछ।

१६ख. कार्यालय सचिवको योग्यताः समितिको कार्यालय सचिवको योग्यता दफा १८ को अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण भएको,

(ख) खेल क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव भएको।

१०. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को दफा शीर्षकमा रहेको "पदाधिकारीहरुको" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफाको उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ।

११. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को दफा शीर्षकमा रहेको "पदाधिकारीको" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफाको ठाउँ ठाउँमा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्।

१२. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को दफा शीर्षकमा रहेको "पदाधिकारी" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफामा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्।

१३. <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको २० को ठाउँ ठाउँमा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

१४. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) मा रहेका "सदस्य-सचिवको" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

१५. <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) मा रहेका "सहायक अधिकृतस्तर (छैठौं तह)" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सहायक अधिकृत स्तरका" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह) का" भन्ने शब्दहरु राखिएका छन्।

१६. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) संघ सस्थाको दर्ता, नवीकरण र आवद्धता गर्दा तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ।"

(२) उपदफा (५) पछि देहाययको उपदफा (६) थपिएको छः-

"(६) संघ सस्थाको नवीकरण र आवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१७. <u>मूल ऐनको दफा ३७ मा संशोधनः</u> मूल ऐनको दफा ३७ को खण्ड (क) मा रहेका "उच्च अदालत" भन्ने शब्दहरु को सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन्।

१८. <u>मूल ऐनको दफा ४० मा संशोधनः</u> मूल ऐनको दफा ४० को उपदफा (१) मा रहेको "मनोनित" भन्ने शब्हरुको सट्टा "पदेन सदस्य बाहेक" भन्ने शब्दहरु राखिएका छन्।

१९. <u>मूल ऐनमा दफा ४१क. र ४१ख. थपः</u> मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन्:-

"४१क. <u>विनियम बनाउन सक्नेः</u> (१) यो ऐनको अधीनमा रही परिषद्ले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा परिषद्ले मन्त्रालय मार्फत् आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परिषद्ले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

"४१ख. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u> प्रदेश सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

२०. <u>रुपान्तरः</u> मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "खेलकुद विकास परिषद्" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्"।.

(ख) "प्रदेश परिषद्" भन्ने शब्दहरुको सट्टा "परिषद्"।

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको बिधेयकको

तीन महले विवरण

| | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ को खण्ड (च) | (च) "सदस्य" भन्नाले परिषद् वा जिल्ला खेलकुद विकास समितिका सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद् वा जिल्ला खेलकुद विकास समितिको अध्यक्ष र सदस्य–सचिवलाई समेत जनाउँछ।"<br><br>(छ) "सदस्य सचिव" भन्नाले परिषद् वा समितिको सदस्य सचिव सम्झनुपर्छ। | <u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः</u> कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।"<br>(२) खण्ड (छ) मा रहेका "वा समितिको" भन्ने शब्दहरु झिकिएका छन्। | भाषागत तथा तर्जुमागत रूपमा सम्पादन गर्नु पर्ने भएकोले। |
| २. | दफा ७ को उपदफा (१) | परिषद्को पदेन सदस्यहरुबाहेक नियुक्त वा मनोनित पदाधिकारी/सदस्य को पदावधि चार बर्षको हुनेछ। निजहरुलाई बढीमा थप एक कार्यकालसम्म नियुक्त गर्न | <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) परिषद्को पदेन सदस्य बाहेक नियुक्त वा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।" | परिषद्को सदस्यको पदावधी निश्चित गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | सकिनेछ। | | |
| ३. | दफा ८ | देहायको कुनै व्यक्ति पदाधिकारी वा सदस्यमा नियुक्त वा मनोनित हुन र बहाल रहन सक्नेछैन | <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ मा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्। | तर्जुमागत रुपमा मिलाउन आवश्यक भएकोले |
| ४. | दफा ९, खण्ड (घ) | देहायको अवस्थामा परिषद्को पदाधिकारी वा सदस्यको पदाधिकार समाप्त भएको मानिनेछ।<br>(घ) परिषद्लाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा । | <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ मा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकि सोही दफाको खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ। | तर्जुमागत रुपमा मिलाउन आवश्यक भएकोले |
| ५. | १० | तर परिषद्का एक तिहाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा उपदफा (१) बमोजिम समितिको बैठक बोलाउनु पर्नेछ।<br>(६) उपदफा १ जुनसुकै कुरा लेखिएको भए तापनि | <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को,-<br>(३) उपदफा (४) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।<br>(४) उपदफा (६) मा रहेका "सामाजिक विकास मन्त्रालयको सचिव वा" भन्ने शब्दहरु झिकिएका छन्। | तर्जुमागत रुपमा मिलाई ऐनमा भएको द्विविधा हटाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्य सचिवउपर छानविन सम्बन्धी कारवाही चलिरहेको अवस्थामा सामाजिक विकास मन्त्रालयको सचिव वा अध्यक्षले तोकेको सदस्यले सदस्य सचिवको हैसियतले परिषद्को बैठक सम्बन्धी कामकारवाही गर्न सक्नेछ। | | |
| ६. | - | हाल व्यवस्था नभएको | <u>मूल ऐनमा दफा १२क. थपः</u> मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-<br>"१२क. <u>सदस्य-सचिवको पारिश्रमिक र सुविधाः</u> (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।<br>(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।<br>(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।" | सदस्य-सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ७. | दफा १४ को उपदफा (२) | (२) उपदफा (१) को खण्ड (च) अन्तर्गत रकम प्राप्त गर्न समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। | <u>मूल ऐनको दफा १४ मा संशोधनः</u> मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ। | तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको । |
| ८. | | हाल नभएको | <u>मूल ऐनमा दफा १६क. र १६ख. थपः</u> मूल ऐनको दफा १६ पछि देहायका दफा १६क. र १६ख. थपिएका छन्:-<br>“१६क. <u>कार्यालय सचिवको नियुक्तिः</u> (१) परिषद्ले कार्यालय सचिवको नियुक्तिको सिफारिस गर्न परिषद्को उपाध्यक्षको संयोजकत्वमा मन्त्रालयको सचिव र मन्त्रालयको खेलकुद क्षेत्र हेर्ने महाशाखा प्रमुख सदस्य रहने गरी तीन सदस्यीय एक सिफारिस समितिको गठन गर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको समितिले कार्यालय सचिवको नियुक्तिको लागि परिषद् समक्ष प्रत्येक जिल्लाका लागि तीन जनाको नाम सिफारिस गर्नु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिबाट परिषद्ले प्रत्येक जिल्लामा एक जना कार्यालय सिचिवको नियुक्ति गर्नेछ।<br>१६ख. <u>कार्यालय सचिवको योग्यताः</u> समितिको कार्यालय सचिवको योग्यता दफा १८ को अतिरिक्त देहाय बमोजिम हुनेछः- | ऐनमा समितिको कार्यालय सचिवको नियुक्ति र योग्यता समावेश गर्न आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | (ग) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण भएको,<br>(घ) खेल क्षेत्रमा कम्तीमा पाँच बर्षको अनुभव भएको। | |
| ९. | दफा १७ को दफा शीर्षक, उपदफा (१) | <u>१७.समितिको पदाधिकारीहरूको पदावधि सम्बन्धी व्यवस्थाः-</u><br>(१) पदेन सदस्यबाहेक परिषद्का अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ, निजहरूलाई बढीमा थप एक कार्यकालसम्म नियुक्ति गर्न सकिनेछ। | <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को दफा शीर्षकमा रहेको "पदाधिकारीहरुको" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफाको उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ। | भाषागत रूपमा सम्पादन गर्नु पर्ने भएकोले र<br>समितिको परिभाषा गरिसकेको हुनाले पुनः समितिको पूरा नाम उल्लेख गर्न आवश्यक नरहेको । |
| १०. | १८ | "१८. <u>समितिको पदाधिकारीहरुको अयोग्यता सम्बन्धी व्यवस्थाः</u> देहायको कुनै व्यक्ति समितिको पदाधिकारी वा सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-<br>(क) गैर नेपाली नागरिक,<br>(ख) सम्बन्धित | <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को दफा शीर्षकमा रहेको "पदाधिकारीको" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफाको ठाउँ ठाउँमा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्। | तर्जुमागत रुपमा मिलाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | जिल्लाको बासिन्दा नभएको,<br>(ग) बहालवाला कर्मचारी,<br>(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोषमा अदालतमा मुद्दा विचाराधीन रहेको वा त्यस्तो अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,<br>(ङ) मनोनयन हुने वा बहाल रहेका समयमा होस ठेगाना नभएको,<br>(च) पदेन बाहेक अन्य पदाधिकारी वा सदस्यका लागि पच्चीस बर्ष उमेर पूरा नभएको।" | | |
| ११. | १९ | **सिमितिका पदाधिकारीको पदाधिकार समासि सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा समितिको पदाधिकारी वा सदस्यको पदाधिकार समास भएको मानिनेछः | **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को दफा शीर्षकमा रहेको "पदाधिकारी" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही दफामा रहेका "पदाधिकारी वा" भन्ने शब्दहरु झिकिएका छन्। | तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| १२. | दफा २० को उपदफा (१) र (६) | ) अध्यक्षको निर्देशनअनुसार सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ।<br>) बैठकको प्रमाणित निर्णय पुस्तिका सदस्य-सचिवले सुरक्षित राख्नुपर्नेछ। | <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको २० को ठाउँ ठाउँमा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्। | तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको । |
| १३. | २२ उपदफा (२) | यस दफाबमोजिम सदस्य-सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा समितिका अध्यक्ष वा अध्यक्षले अधिकार प्रत्यायोजन गरेको सदस्यको निर्देशनमा रही गर्नु पर्नेछ। | <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को,-<br>(१) उपदफा (१) मा रहेका "सदस्य-सचिवलको" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरुको सट्टा "समितिको सदस्य-सचिवले" भन्ने शब्दहरु राखिएका छन्। | तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको । |
| १४. | दफा २५ को उपदफा (१) र (२) | (१) कार्यालय सचिवले समितिमा पूरा समय काम गरेबापत प्रदेश सरकारको सहायक अधिकृतस्तर (छैठौं तह) को कर्मचारी सरह मासिक पारिश्रमिक पाउनेछ ।<br>(२) कार्यालय सचिवको भ्रमण तथा दैनिक भत्ता र अन्य | <u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को,-<br>(१) उपदफा (१) मा रहेका "सहायक अधिकृतस्तर (छैठौं तह)" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह)" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "सहायक अधिकृत स्तरका" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह) का" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश सरकारको कर्मचारीको तह अनुरूप बनाइएको । |

| | | | | |
|---|---|---|---|---|
| | | सुविधा प्रदेश सरकारको सहायक अधिकृत स्तरका कर्मचारी सरह हुनेछ । | | |
| १५. | दफा २८ को उपदफा (५) | "(५) संघसस्थाको दर्ता र नवीकरण गर्दा तोकेबमोजिमको शुल्क बुझाउनु पर्नेछ। | २१. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-<br>(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-<br>"(५) संघ सस्थाको दर्ता, नवीकरण र आवद्धता गर्दा तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ।"<br>(२) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) संघ सस्थाको नवीकरण र आवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | संघसस्था को दर्ता, नविकरण र आबद्धता सम्बन्धी शुल्क र प्रक्रियमा नियमाव लीमा तोक्न अधिकार प्रत्यायोज न गर्न। |
| १६. | दफा ३७ (क) | प्रदेश परिषद्ले गरेको निर्णय चित्त नबुझेको खण्डमा प्रचलित कानून बमोजिम उच्च अदालत समक्ष पुनरावेदन दिन सकिनेछ। | <u>मूल ऐनको दफा ३७ मा संशोधनः</u> मूल ऐनको दफा ३७ को खण्ड (क) मा रहेका "उच्च अदालत" भन्ने शब्दहरु को सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन्। | जिल्ला अदालत मा पुनरावेद न लाग्ने भएकोले तर्जुमागत रुपमा मिलाउन आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| १७. | दफा ४० | परिषद्का मनोनित सदस्य तथा समितिका अध्यक्षले मन्त्रालयका मन्त्री समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ। | <u>**मूल ऐनको दफा ४० मा संशोधनः**</u> मूल ऐनको दफा ४० को उपदफा (१) मा रहेको "मनोनित" भन्ने शब्हरुको सट्टा "पदेन सदस्य बाहेक" भन्ने शब्दहरु राखिएका छन्। | नियुक्त भएका सदस्यहरुको सपथ ग्रहण सम्बन्धी व्यवस्था छुट भएकोले थप गर्न आवश्यक भएको। |
| १८. | - | हाल व्यवस्था नभएको | <u>**मूल ऐनमा दफा ४१क. र ४१ख. थपः**</u> मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन्:-<br>"४१क. <u>विनियम बनाउन सक्नेः</u> (१) यो ऐनको अधीनमा रही परिषद्ले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा परिषद्ले मन्त्रालय मार्फत् आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम परिषद्ले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।<br>"४१ख. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u> प्रदेश सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक | अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।” | |
| १९. | | ऐनको ठाउँ ठाउँमा "खेलकुद विकास परिषद्" र "प्रदेश परिषद्" भन्ने शब्दहरू प्रयोग भएको। | २२. <u>रुपान्तरः</u> मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-<br>(ग) "खेलकुद विकास परिषद्" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्"।.<br>(घ) "प्रदेश परिषद्" भन्ने शब्दहरुको सट्टा "परिषद्"। | तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको। |